३. शिक्षा

## माध्यमिक शिक्षा पाठ्यक्रम
## शिक्षा

कक्षा: ९ र १० विषयकोड: **Edu. 215** (कक्षा ९)
**Edu. 216** (कक्षा १०)

पाठ्यघण्टा: ४ वार्षिक कार्यघण्टा: १२८

**१. परिचय**

व्यक्ति, समाज र राष्ट्रको विकास गर्न समर्थ नागरिक तयार पार्न शिक्षाको अहम् भूमिका रहेको हुन्छ । सिकाइ सहजीकरण क्रियाकलापमा स्तरीयता प्रदान गरी शैक्षिक गुणस्तरको सुनिश्चितता प्रदान गर्ने कार्यमा शिक्षाले सहयोग पुऱ्याउँछ । प्रतिस्पर्धी एवम् दक्ष नागरिक तयार पार्न शिक्षाको अवधारणा, सिकाइका सिद्धान्त, बालविकास, पाठयक्रम र पाठ्यपुस्तक, शैक्षणिक योजना निर्माण, शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग, कक्षाकोठा व्यवस्थापन, विद्यालय समुदाय सम्बन्ध, असल शिक्षक तथा विद्यार्थीका चरित्र, सिकाइ र उत्प्रेरणा जस्ता विषयक्षेत्रसँग सम्बन्धित ज्ञान, सिप र अभिवृत्तिको विकास अत्यावश्यक रहन्छ । यसका साथै शैक्षिक प्रशासन र व्यवस्थापनसँग सम्बद्ध पक्ष र हालसम्म शिक्षा क्षेत्रमा भएगरेका प्रयासहरूका बारेमा पनि सरोकारवालाहरू जानकार हुँदा अपेक्षित शैक्षिक गुणस्तर हासिल हुन थप मदत पुग्छ ।

माध्यमिक तह (कक्षा ९ र १०) को वर्तमान अवस्थाको पाठ्यक्रमलाई माथि उल्लिखित प्रमुख पक्षहरूका आधारमा परिमार्जन गरी यस रूपमा विकसित गरिएको छ । परिवर्तित सन्दर्भ, शिक्षाका नवीनतम सिद्धान्त, समावेशी अवधारणा, लोकतन्त्र, मानव अधिकार, शान्ति शिक्षा जस्ता पक्षहरूसमेतलाई समायोजन गरी यो पाठ्यक्रम तयार गरिएको छ । पाठ्यक्रमका आधारभूत सिद्धान्तका रूपमा रहेका तहगत लम्बीय (Vertical) तथा समतलीय (Horizontal) सन्तुलनलाई यथेष्ट विश्लेषण गरी यो पाठ्यक्रम परिमार्जत गरिएको छ ।

परिमार्जित पाठ्यक्रमको सही कार्यान्वयनबाट उच्च शिक्षामा शिक्षा विषय लिई अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई आधार प्रदान हुने छ । साथै शिक्षण पेसामा सहभागी हुन चाहने व्यक्तिलाई आवश्यक पर्ने पेसागत सक्षमता हासिल गर्नसमेत यसले थप ऊर्जा प्रदान गर्ने अपेक्षा गरिएको छ । यो पाठ्यक्रम व्यावसायिक प्रकृतिको भएकाले सैद्धान्तिक पक्षका अतिरिक्त प्रयोगात्मक विषयअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । यसअनुसार सैद्धान्तिकका लागि ७५ प्रतिशत र प्रयोगात्मकका लागि २५ प्रतिशत भार छुट्याइएको छ ।

२. तहगत सक्षमता

माध्यमिक तह (कक्षा ९ र १०) को अध्ययन पूरा गरिसकेपछि विद्यार्थीहरूमा निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. शिक्षाको अर्थ, उद्देश्य, प्रकार र कार्य, शिक्षाको स्वरूप, वैकल्पिक शिक्षा एवम् शिक्षामा आधुनिक चिन्तनको व्याख्या
२. नेपालका वर्तमान विद्यालय तहमा शैक्षिक उद्देश्य र संरचनाको परिचय तथा नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरूको उल्लेख
३. बालविकासका विभिन्न अवस्था एवम् तिनका विशेषताहरूको वर्णन एवम् बालविकासमा प्रभाव पार्ने तत्त्वहरूको व्याख्या
४. पाठ्यक्रमको अवधारणा, पाठ्यक्रमका तत्त्व, निर्माणका आधार एवम् विकास प्रक्रियाको विश्लेषण
५. आधारभूत तहका पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको परिचय दिई तिनको समुचित उपयोग
६. शैक्षणिक योजनाको परिचय तथा तिनको निर्माण र प्रयोग
७. प्रभावकारी शिक्षण प्रक्रियाका लागि उपयुक्त ढङ्गले कक्षाकोठा व्यवस्थापन गर्ने सिप विकास
८. शिक्षण विधि, शैक्षणिक सामग्री र आधुनिक शिक्षण प्रविधि र तिनको प्रकारको परिचय तथा तिनको छनोट र प्रयोग
९. विद्यार्थी मूल्याङ्कनको अवधारणासँग परिचित भई मूल्याङ्कनका विभिन्न साधनहरूको परिचय दिन
१०. असल विद्यार्थी र शिक्षकका गुणहरूको सूची
११. विद्यालयमा सञ्चालन गरिने अतिरिक्त/सहक्रियाकलाप पहिचान गरी तिनमा सक्रिय सहभागिता र सञ्चालन

१२. सिकाइको अर्थ र नियम बताई सिकाइमा प्रभाव पार्ने तत्त्वहरूको बोध र प्रस्तुति
१३. उत्प्रेरणाको अर्थ बताई कक्षामा उत्प्रेरणा बढाउने उपायको अवलम्बन
१४. शिक्षक शिक्षाको अवधारणा र महत्त्वको वर्णन, अध्यापन अनुमतिपत्रको इतिहास आवश्यकता र वर्तमान व्यवस्थाका बारेमा उल्लेख
१५. समावेशी शिक्षा र शैक्षिक विकेन्द्रीकरणको अवधारणा बताउन
१६. लोकतन्त्र, मानवअधिकार र शान्ति शिक्षाको महत्व उल्लेख गर्न
१७. विद्यालय र समुदायको अन्तरसम्बन्ध उल्लेख गरी विद्यालय व्यवस्थापनमा सहयोग पुऱ्याउने विभिन्न पक्ष तथा निकायको भूमिकाको व्याख्या
१८. नेपालमा विगतदेखि अहिलेसम्म सञ्चालन भएका शैक्षिक परियोजनाहरूको परिचय दिई तिनीहरूको योगदानको चर्चा
१९. नेपालका शैक्षिक प्रशासनसम्बद्ध निकायहरूको सूची तयार गर्नु

**३. सिकाइ उपलब्धि**

**(क) कक्षा ९ का सिकाइ उपलब्धिहरू**

माध्यमिक तह (कक्षा ९) को अध्ययन पूरा गरिसकेपछि यस विषयमा विद्यार्थीहरू निम्नलिखित कार्यहरूमा सक्षम हुने छन् :

१. शिक्षाको अर्थ, परिभाषा, उद्देश्य, प्रकार र कार्य बताउन
२. नेपालको वर्तमान शैक्षिक संरचना उल्लेख गर्न
३. नेपालका विद्यालय शिक्षाका राष्ट्रिय र तहगत उद्देश्य उल्लेख गर्न
४. बालविकासको परिचय दिई वृद्धि र विकासको भिन्नता छुट्याउन
५. बालविकासका विभिन्न चरणहरूमध्ये गर्भावस्था, नवजात अवस्था र शैशव अवस्थाको परिचय र विशेषता उल्लेख गर्न
६. पाठ्यपुस्तकको परिचय र असल पाठ्यपुस्तकका गुणहरू बताउन
७. शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको महत्त्व बताउन
८. शैक्षणिक योजनाको अर्थ र आवश्यकता बताई वार्षिक कार्यपात्रो, कार्ययोजना र एकाइ योजना निर्माण गर्न
९. कक्षाकोठा व्यवस्थापनको अवधारणा, त्यसको आवश्यकता र महत्त्व उल्लेख गर्न
१०. शिक्षण प्रक्रियामा प्रयोग गर्न सकिने विभिन्न प्रकारका शिक्षण विधिहरूको परिचय दिई आवश्यकताअनुसार कक्षाकोठामा प्रयोग गर्न
११. शैक्षणिक सामग्रीको अर्थ, परिभाषा, महत्त्व र प्रकार बताउन
१२. विद्यार्थी मूल्याङ्कनको अर्थ र परिभाषा दिन
१३. मूल्याङ्कनका प्रकार र साधनहरू परिचय दिन
१४. असल विद्यार्थीका गुणहरू बताउन
१५. विद्यार्थीहरूले आफ्नो कर्तव्य बोध गरी आचार सहिंतासमेत पालना गर्न
१६. अतिरिक्त/सहक्रियालापको अर्थ र परचय दिन
१७. विद्यालयभित्र गरिने अतिरिक्त/सहकार्यकलापहरू पहिचान गरी तिनमा सहभागी हुन
१८. सिकाइको अर्थ र महत्त्व बताई यसका तीन नियमहरूको उदाहरणसहित व्याख्या गर्न
१९. परिपक्वता र सिकाइको अन्तरसम्बन्ध व्याख्या गर्न
२०. शिक्षक शिक्षाको अवधारणा, आवश्यकता, महत्त्व वर्णन गरी शिक्षक शिक्षाका प्रकार उल्लेख गर्न
२१. समावेशी शिक्षाको अवधारणासँग परिचित भई शिक्षा र मानवअधिकार तथा बालअधिकार शिक्षाको विकास र विस्तारमा सहयोग गर्न
२२. सङ्घीयतामा शिक्षाको अवधारणा बताउन

२३. विद्यालय र समुदायको सम्बन्ध उल्लेख गरी विद्यालयसम्बद्ध सङ्गठित संस्थाको परिचय दिन

२४. विद्यालय शिक्षामा अभिभावकको भूमिका उल्लेख गर्न

२५. नेपालमा सञ्चालित विभिन्न शैक्षिक परियोजनाको परिचय र योगदानको वर्णन गर्न

२६. शिक्षा मन्त्रालय र यसअन्तर्गतका केन्द्रीय निकायहरूको परिचय दिई तिनका कार्यहरू सूचीकरण गर्न

## ४. विषयवस्तुको क्षेत्र तथा क्रमतालिका

| | | | |
|---|---|---|---|
| | कक्षा- ९ | | |
| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतिकरण | कार्यघन्टा |
| १. | शिक्षाको परिचय | १.१ शिक्षाको अर्थ र परिभाषा<br>१.२ शिक्षाको उद्देश्यहरू<br>१.३ शिक्षाका प्रकारहरू ( औपचारिक, अनौपचारिक र अनियमीतता)<br>१.४. शिक्षाका कार्यहरू ( व्यक्तिगत कार्य, सामाजिक कार्य र राष्ट्रिय कार्य) | ७ |
| २. | शैक्षिक उद्देश्य, संरचना र शिक्षा विकासका प्रयासहरू | २.१ शिक्षाका राष्ट्रिय उद्देश्यहरू<br>२.२ नेपालको शिक्षाको संरचना र तहगत उद्देश्य :<br>- बालविकास शिक्षा<br>- आधारभूत शिक्षा (कक्षा १-५)<br>- आधारभूत शिक्षा (कक्षा ६-८)<br>- माध्यमिक शिक्षा (९-१२)<br>- उच्च शिक्षा | ६ |
| ३. | बालविकास र बाल मनोविज्ञान | ३.१ बालविकासको अर्थ<br>३.२ वृद्धि र विकास<br>३.३ वृद्धि र विकासको भिन्नता<br>३.४ विकासका विभिन्न चरणहरू (परिचय मात्र)<br>३.५ गर्भावस्था<br>३.६ नवजात अवस्था<br>३.७ शैशव अवस्था | ६ |
| ४. | पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री | ४.१ पाठ्यपुस्तकको परिचय<br>४.२ असल पाठ्यपुस्तकका गुणहरू<br>४.३ पाठ्यपुस्तकको महत्त्व<br>४.४ शिक्षक निर्देशिकाको परिचय र महत्व | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४.५ सन्दर्भ सामग्रीको परिचय र महत्व | | पाठ्यक्रमको संरचना<br>४.७ स्थानीय पाठ्यक्रमको अर्थ र महत्व | |
| ५. | शैक्षणिक योजना र<br>कक्षाकोठा व्यवस्थान | ५.१ शैक्षणिक योजनाको परिचय<br>५.२ शैक्षणिक योजनाहरूको आवश्यकता<br>वार्षिक कार्यपात्रो/तालिका<br>वार्षिक कार्ययोजना<br>एकाइ योजना<br>दैनिक पाठयोजना<br>५.३ कक्षाकोठा व्यवस्थापनको अवधारणा र महत्व<br>विद्यालय शान्ति क्षेत्रको अर्थ | ८ | ५.१ शैक्षणिक उद्देश्यको अर्थ र प्रकारको परिचय<br>५.२ विद्यालयको दैनिक कार्यतालिकाको अर्थ र महत्व<br>५.३ प्रभावकारी कक्षाकोठा व्यवस्थापनका रणनीतिहरू<br>५.४ शैक्षणिक सङ्गठन (परिचय मात्र)<br>विषय शिक्षण<br>कक्षा शिक्षण<br>बहुकक्षा शिक्षण र बहुकक्षा बहुस्तर | ८ |
| ६. | शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्री | ६.१ शिक्षण विधिको अर्थ र महत्त्व<br>६.२ शिक्षण विधिका प्रकारहरू<br>- विद्यार्थीकेन्द्रित विधि<br>- शिक्षककेन्द्रित विधि<br>- अन्तरर्क्रियात्मक विधि<br>६.३ विधि छनोटका आधारका<br>६.४ शैक्षणिक सामग्रीको अर्थ परिभाषा र महत्त्व<br>६.५ शैक्षिक सामग्रीका प्रकार ( श्रव्य, दृश्य, श्रव्यदृश्य) | ८ | ६.१ सूचना सञ्चार प्रविधिको परिचय<br>६.२ आधुनिक शिक्षण प्रविधिहरूको परिचय<br>६.३ शिक्षण प्रविधि छनोट आधारहरू<br>६.४ शिक्षण सिकाइका समस्या र समाधानका उपायहरू<br>६.५ शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोग<br>६.६ स्थानीय शैक्षिक सामग्रीको अर्थ र महत्व | ८ |
| ७. | विद्यार्थी मूल्याङ्कन | ७.१ विद्यार्थी मूल्याङ्कनको अर्थ र परिभाषा<br>७.२ मूल्याङ्कनका प्रकार<br>निर्माणात्मक र निर्णयात्मक<br>निरन्तर विद्यार्थी मूल्याङ्कन<br>७.३ मूल्याङ्कनका साधनहरू<br>- लिखित<br>- मौखिक<br>- प्रयोगात्मक | ८ | ७.१ परीक्षा र मूल्याङ्कनको अर्थ<br>७.२ प्रश्नपत्र निर्माणका आधारहरू<br>७.३ प्रश्नपत्रका प्रकारहरू<br>७.४ विद्यार्थी उपलब्धिको विश्लेषणको अर्थ र प्रयोग | ६ |
| ८. | असल विद्यार्थी तथा शिक्षकका गुणहरू | ८.१ असल विद्यार्थीका गुणहरू<br>-नियमितता/उत्सुकता/तत्परता<br>-लगनशीलता | | ८.१ असल शिक्षकका गुणहरू<br>- चारित्रिक गुण<br>- पेसागत गुण | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | -आदार/सत्कार/सद्भाव<br>-सरसफाइ<br>-समयपालना<br>-अनुशासन<br>-राष्ट्रिय भावना<br>८.२ विद्यार्थीको काम कर्तव्य र आचारसंहिता | ५ | - सामाजिक गुणहरू<br>८.२ शिक्षकको काम र कर्तव्य<br>८.३ शिक्षाको आचारसंहिता<br>८.४ शिक्षकका पेसागत समस्या र समाधान | ५ |
| ९. | विद्यालयमा सञ्चालन गरिने अतिरिक्त/ सहक्रियाकलाप | ९.१ अतिरिक्त तथा सहक्रियाकलापको अर्थ र परिचय<br>९.२ विद्यालयभित्र गरिने सहकार्यकलाप तथा अतिरिक्त कार्यकलापहरू पहिचान र सञ्चालन<br>-गीत, कविता, वादविवाद, नृत्य, वक्तृत्वकला, हाजिर जवाफ<br>-हस्तकला, चित्रकला<br>-शारीरिक व्यायाम, खेलकुद<br>-दिवस तथा उत्सव मनाउने कार्य | ८ | ९.१ विद्यालय समुदाय अन्तरक्रिया/छलफल<br>९.२ विद्यालयबाहिर गरिने सहक्रियाकलाप/अतिरिक्त कार्यकलापहरूको परिचय<br>९.३ सामाजिक सचेतनाको अर्थ | ८ |
| १०. | सिकाइ र उत्प्रेरणा | १०.१ सिकाइको अर्थ र महत्त्व<br>१०.२ सिकाइका तत्वहरू<br>१०.३ परिपक्वता र सिकाइको अर्थ र सम्बन्ध<br>१०.४ सिकाइमा शिक्षक र विद्यार्थीको भूमिका | ६ | १०.१ उत्प्रेरणा अर्थ र महत्त्व<br>१०.२ उत्प्रेरणाका प्रकारहरू<br>१०.३ उत्प्रेरणामा प्रभाव पार्ने तत्त्वहरू<br>१०.४ कक्षा शिक्षणमा उत्प्रेरणा बढाउने उपायहरू<br>१०.५ सिकाइमा प्रभाव पार्ने तत्त्वहरू | ६ |
| ११. | शिक्षक शिक्षा | ११.१ शिक्षक शिक्षाको परिचय, आवश्यकता र महत्व<br>११.२ शिक्षक शिक्षाका तहहरू<br>११.३ अध्यापन अनुमति पत्रको परिचय र महत्व | ५ | ११.१ शिक्षक तालिमको अवधारणा, आवश्यकता र महत्त्व<br>११.२ शिक्षक तालिमका प्रकारहरू<br>११.३ शिक्षक तालिम र कक्षाकोठामा त्यसको प्रयोग<br>११.४ शिक्षक तालिमको वर्तमान अवस्था | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | शिक्षा अधिकार | १२. १ समावेशी शिक्षाको अर्थ र महत्त्व<br>१२.२ संविधानमा शिक्षा<br>१२.३ सङ्घीयतामा शिक्षा<br>१२.४ अधिकारका रूपमा शिक्षाको परिचय र विशेषता | ६ | १२.१ कक्षाकोठामा समावेशीकरण<br>- कक्षाकोठा व्यवस्थापनमा समावेशीकरण<br>- शिक्षण सिकाइ प्रक्रियामा समावेशीकरण<br>- विद्यार्थी मूल्याङ्कनमा समावेशीकरण<br>१२.२ शान्ति र शिक्षाको सम्बन्ध<br>१२.३ शिक्षा र सामाजिक न्याय<br>१२.४ प्रदेश तथा स्थानीय तहमा शिक्षा सम्बद्ध निकायहरूको परिचय | ७ |
| १३. | विद्यालय र समुदाय सम्बन्ध | १३.१ विद्यालय र समुदायको सम्बन्ध<br>१३.२ विद्यालयसम्बद्ध सङ्गठित संस्थाहरू<br>१३.३ विद्यालयका प्रकारहरू<br>१३.४ विद्यालय शिक्षामा अभिभावकको भूमिका<br>१३.५ विद्यालयमा प्रधानाध्यापकको भूमिका | ५ | १३.१ विद्यालय व्यवस्थापनमा विभिन्न निकायको भूमिका<br>- गाउँ र नगर शिक्षा समिति<br>- जिल्ला शिक्षा समिति<br>- गैरसरकारी सङ्घसंस्थाहरू<br>- समुदायमा आधारित सङ्घसंस्थाहरू | ५ |
| १४. | शिक्षा परियोजनाहरू (परिचय मात्र) | १४.१ ग्रामीण विकासका लागि शिक्षा परियोजना (सेती परियोजना)<br>१४.२ प्राथमिक शिक्षा परियोजना<br>१४.३ प्राथमिक शिक्षा विकास परियोजना | ६ | १४.१ आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम/ द्वितीय<br>१४.२ विद्यालय क्षेत्र सुधार योजना<br>१४.३ विद्यालय क्षेत्र विकास कार्यक्रम | ५ |
| १५. | नेपालका शैक्षिक प्रशासन सम्बद्ध निकायहरू | १५. १ निम्नलिखित निकायको परिचय र कार्य<br>- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय<br>- शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>- पाठ्यक्रम विकास केन्द्र | ६ | १५.१ निम्नलिखित निकायको परिचय र कार्य<br>- शिक्षा विकास तथा समन्वय एकाइ<br>- विद्यालय<br>- प्रधानाध्यापक<br>- विद्यालय व्यवस्थापन समिति<br>- शिक्षक अभिभावक सङ्घ | ६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्<br>- शिक्षक सेवा आयोग<br>- शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>- राष्ट्रिय परीक्षा बोर्ड | | | |
| | | सैद्धान्तिक जम्मा | ९६ | सैद्धान्तिक जम्मा | ९६ |

५. सम्भावित परियोजना कार्य

यस विषयमा शिक्षकले विविध प्रयोगात्मक तथा परियोजना कार्य गराई तिनको अभिलेख राख्नुपर्ने छ । यसका लागि शिक्षकले आफ्नो विद्यालयको परिवेश र सन्दर्भका आधारमा प्रयोगात्मक तथा परियोजना कार्य तय गरेर विद्यार्थीहरूलाई गराउन सक्नेछन । यस विषयमा शिक्षकले गराउन सकिने केहि परियोजना तथा प्रयोगात्मक कार्यका नमूना यसप्रकारका छन ।

| सम्भावित परियोजना कार्य र प्रयोगात्मक कार्य | | | | |
|---|---|---|---|---|
| विषय क्षेत्र | कक्षा ९ | कार्यघण्टा | कक्षा १० | कार्यघण्टा |
| १. शिक्षाको परिचय | १.१ शिक्षाको अर्थ र परिभाषा सहित शिक्षाको महत्व झल्काउने गरि एउटा खोजमूलक लेख तयार गर्नुहोस् । | २ | १.१ शिक्षाका वैकल्पिक पद्धतिहरू ( अनौपचारिक शिक्षा र खुला तथा दूर शिक्षा/ पत्राचार शिक्षा) को महत्व दर्शाउने एउटा लेख तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । | २ |
| २. शैक्षिक उद्देश्य, संरचना र शिक्षा विकासका प्रयासहरू | २.१ नेपालको बालविकास देखि उच्च शिक्षा सम्मको संरचना देखाउने चार्ट तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । | २ | २.१ नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरू (मुख्य घटनाहरू मात्र) का क्रमागत विवरण चार्टपेपर तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् । | २ |
| ३. बालविकास र बाल मनोविज्ञान | ३.१ मानव विकासका विभिन्न चरणहरू ( गर्भावस्था, नवजात अवस्था, शैशव अवस्था) स्पष्ट झल्कने चित्रहरू कोर्नुहोस र परिचयात्मक चित्र पुस्तक तयार गर्नुहोस् । | २ | ३.१ मानव विकासका विभिन्न चरणहरू ( पूर्व वाल्यअवस्था, उत्तर वाल्यावस्था, यौवनावस्था ) स्पष्ट झल्कने चित्रहरू कोर्नुहोस र परिचयात्मक चित्र पुस्तक तयार गर्नुहोस् । | २ |
| ४. पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री | ४.१ असल पाठ्यपुस्तकका गुणहरूको आधारमा तपाँइको कक्षाको कुनै एक पाठ्यपुस्तकको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस् र सो को प्रतिवेदनमा भएका सुधार गर्नुपर्ने पक्षहरूका बारेमा कक्षामा छलफल गर्नुहोस | ३ | ४.१ कक्षा १० को कुनै एक विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको अन्तरसम्बन्ध केलाउनुहोस र पाठ्यक्रमको विषयक्षेत्रमा भएका विषयवस्तु र पाठ्यपुस्तकका पाठ वा विषयवस्तुको सम्बन्ध विश्लेषण गर्नुहोस् । | ३ |
| ५. शैक्षणिक | ५.१ एक शैक्षिक बर्षको वार्षिक | ४ | ५.१ आफ्नो विद्यालयको लागि एक शैक्षिक | ४ |

## ४. विषयवस्तुको क्षेत्र तथा क्रमतालिका

| | कक्षा- ९ | | | कक्षा-१० | |
|---|---|---|---|---|---|
| क्र.स. | विषय क्षेत्र | विषयवस्तुको विस्तृतिकरण | कार्यघन्टा | विषयवस्तुको विस्तृतिकरण | कार्यघण्टा |
| १. | शिक्षाको परिचय | १.१ शिक्षाको अर्थ र परिभाषा<br>१.२ शिक्षाको उद्देश्यहरू<br>१.३ शिक्षाका प्रकारहरू ( औपचारिक, अनौपचारिक र अनियमीतता)<br>१.४. शिक्षाका कार्यहरू ( व्यक्तिगत कार्य, सामाजिक कार्य र राष्ट्रिय कार्य) | ७ | १.१ शिक्षाको प्रकृति<br>१.२ शिक्षाका वैकल्पिक पद्धतिहरू: अनौपचारिक शिक्षा र खुला तथा दूर शिक्षा/ पत्राचार शिक्षा<br>- अर्थ र परिचय<br>१.३ आधुनिक शिक्षाको परिचय | ७ |
| २. | शैक्षिक उद्देश्य, संरचना र शिक्षा विकासका प्रयासहरू | २.१ शिक्षाका राष्ट्रिय उद्देश्यहरू<br>२.२ नेपालको शिक्षाको संरचना र तहगत उद्देश्य :<br>- बालविकास शिक्षा<br>- आधारभूत शिक्षा (कक्षा १-५)<br>- आधारभूत शिक्षा (कक्षा ६-८)<br>- माध्यमिक शिक्षा (९-१२)<br>- उच्च शिक्षा | ६ | २.१ नेपालमा शिक्षा विकासका लागि भएका प्रयासहरू (मुख्य घटनाहरू मात्र)<br>• वि.सं. २००७ देखि २०२७ सम्म<br>• वि.सं. २०२८ देखि २०४६ सम्म<br>• वि.सं. २०४७ देखि हालसम्म | ६ |
| ३. | बालविकास र बाल मनोविज्ञान | ३.१ बालविकासको अर्थ<br>३.२ वृद्धि र विकास<br>३.३ वृद्धि र विकासको भिन्नता<br>३.४ विकासका विभिन्न चरणहरू (परिचय मात्र)<br>३.५ गर्भावस्था<br>३.६ नवजात अवस्था<br>३.७ शैशव अवस्था | ६ | ३.१ पूर्व वाल्यअवस्था<br>३.२ उत्तर वाल्यावस्था<br>३.३ यौवनावस्था<br>३.४ बालविकासमा प्रभाव पार्ने तत्त्वहरू<br>३.५ बाल मनोविज्ञानको अर्थ र परिभाषा | ६ |
| ४. | पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री | ४.१ पाठ्यपुस्तकको परिचय<br>४.२ असल पाठ्यपुस्तकका गुणहरू<br>४.३ पाठ्यपुस्तकको महत्त्व<br>४.४ शिक्षक निर्देशिकाको परिचय र महत्व | ६ | ४.१ पाठ्यक्रमको अर्थ, परिभाषा<br>४.२ पाठ्यक्रमको तत्त्वहरू<br>४.३ पाठ्यक्रम निर्माण प्रक्रिया<br>४.४ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध<br>४.५ पाठ्यक्रम र पाठ्यपुस्तकको महत्त्व<br>४.६ विद्यालय तहको वर्तमान | ७ |

| | | | | |
|---|---|---|---|---|
| शिक्षा | अनुमतिपत्रको अवलोकन गर्नुहोस र यसको महत्वको वारेमा कक्षामा छलफल गर्नुहोस् । | | कक्षाकोठामा त्यसको प्रयोग सम्बन्धमा अन्तर्क्रियात्मक छलफल गर्नुहोस् र कस्तो तालिम साच्चै प्रभावकारी हुन्छ भन्ने शिर्षकको बुदागत निष्कर्षको सुचि तयार गर्नुहोस् । | |
| १२. शिक्षा अधिकार | १२.१ संविधानमा भएका शिक्षाका अधिकारको सुचि चार्टपेपरमा तयार गर्नुहोस् र सो अधिकारहरू मध्ये कुनकुन अधिकारहरूको प्रयोग तपाइको विद्यालयमा कसरी उपयोग भएका छन अवलोकन गरी प्रतिवेदन तयार पार्नुहोस । | २ | १२.१ कुनै एक अर्को कक्षाको कक्षा शिक्षकसंग समुहमा छलफल गरी उक्त शिक्षकले आफ्नो कक्षामा समावेशिकरणका लागि अपनाएका विधि तथा तरिकाहरूको सुचि बनाउनुहोस र कक्षामा प्रस्तुत गरि अन्य समुहको निष्कर्ष समेतका आधारमा थपघट गरी कक्षा समावेशीकरणका व्यबहारिक तरिकाहरूको अन्तिम सुचि तयार पार्नुहोस । | २ |
| १३. विद्यालय र समुदाय सम्बन्ध | १३.१ तपाईको आफ्नो विद्यालयका प्रधानाध्यापकसंग छलफल गरी अभिभावक तथा समुदायले विद्यालयलाई विगत एक वर्षमा गरेका सहयोगहरूको सुचि तयार पार्नुहोस । | २ | १३.१ तपाईको आफ्नो विद्यालयका प्रधानाध्यापकसंग छलफल गरी गाउँ वा नगरपालिका, जिल्ला शिक्षा समिति, गैरसरकारी सङ्घसंस्थाहरू र समुदायमा आधारित सङ्घसंस्थाहरूले विद्यालयलाई विगत एक वर्षमा गरेका सहयोगहरूको सुचि तयार पार्नुहोस । | २ |
| १४. शिक्षा परियोजनाहरू | १४.१ पाठ्यक्रममा समावेश भएका शिक्षा परियोजनाहरूको नाम, अवधि, उदेश्य र कुल बजेट र मूख्य उपलब्धि समेट्ने विवरण विभिन्न स्रोतहरूबाट समुहमा कार्य गरी पत्ता लगाउनुहोस । उक्त विवरणहरू समेटिएको तालिका चार्टपेपरमा तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । | १ | १४.१ पाठ्यक्रममा समावेश भएका शिक्षा परियोजनाहरूको नाम, अवधि, उदेश्य र कुल बजेट र मूख्य उपलब्धि समेट्ने विवरण विभिन्न स्रोतहरूबाट समुहमा कार्य गरी पत्ता लगाउनुहोस । उक्त विवरणहरू समेटिएको तालिका चार्टपेपरमा तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् । | १ |
| १५. नेपालका शैक्षिक प्रशासन सम्बद्ध निकायहरू | १५. १ नेपालका शैक्षिक प्रशासन सम्बद्ध निकायहरू मध्ये कुनै एकको परिचयात्मक ब्रोसर तयार पार्नुहोस । | २ | १५.१ तपाइको विद्यालयको परिचयात्मक ब्रोसर तयार पार्नुहोस । | २ |
| | जम्मा कार्यघण्टा | ३२ | जम्मा कार्यघण्टा | ३२ |

## ६. शिक्षण सहजीकरण प्रक्रिया

माध्यमिक तहको व्यावसायिक विषयमा प्रत्येक पाठको सुरुवात विद्यार्थीका पूर्वअनुवभसँग सम्बद्ध गर्नुपर्छ । यस विषयमा पाठको प्रस्तुतीकरण गर्दा सामान्यतया छलफलबाट गराउनु राम्रो हुन्छ । छलफलमा शैक्षिक सामग्रीको प्रस्तुति, खोज तथा अनुसन्धानलाई प्राथमिकता दिनुपर्छ । यसको साथै अन्तरक्रिया, प्रश्नोत्तर, समस्या समाधान तथा परियोजनात्मक विधिबाट निष्कर्ष निकाल्ने कार्य विद्यार्थीलाई अभिप्रेरित गर्नुपर्छ । विद्यार्थीहरूलाई नै उदाहरणहरू खोज्न लगाउनुपर्दछ । विषयवस्तुलाई सैद्धान्तिक ज्ञानमा मात्र सीमित नराखी प्रयोगात्मक तथा व्यावसायिक सिपको विकास गराउने कार्यलाई प्राथमिकता दिई समय समयमा व्यवहारमा उतार्ने अवसरसमेत प्रदान गर्नुपर्छ । विद्यार्थीको रुचि र क्षमतालाई विचार गरी शैक्षणिक योजना निर्माण, शैक्षणिक सामग्रीको छनोट निर्माण र प्रयोग तथा शिक्षासँग सम्बद्ध सैद्धान्तिक पक्षलाई ख्याल गरी अभ्यास गर्ने पर्याप्त अवसर दिनुपर्छ भने सिकेका विषयवस्तुलाई सिर्जनात्मक रूपमा प्रयोग गर्नका लागि स्थानान्तरण गर्न सक्ने अवस्थामा पुऱ्याउन आवश्यक हुन्छ ।

निर्दिष्ट उद्देश्य प्राप्तिका लागि सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने केही विधि यहाँ उल्लेख गरिएको छ । यहाँ प्रस्तुत विधिहरू नमुना वा सङ्केत मात्र हुन् । सबै परिस्थितिमा यी विधिले मात्र पूर्णता नपाउन सक्छन् । त्यसैले विषय शिक्षकलाई कक्षाकोठाको वातावरण अनुकूल उपयुक्त शिक्षण विधि छनोट गर्न सहयोग पुऱ्याउने उद्देश्यले मात्र शिक्षण विधिको उल्लेख गरिएको हो । त्यसैले प्रत्येक शिक्षकले यहाँ उल्लेख गरिएका विधिलाई एउटा आधारका रूपमा लिई परिस्थिति अनुकूल शिक्षण विधि तथा प्रक्रियाको छनोट गर्नुपर्दछ । यसका लागि निम्नलिखित विधिहरूको अवलम्बन गर्न उपयुक्त हुन्छ :

(क) प्रवचन (ख) प्रश्नोत्तर (ग) छलफल

(घ) परियोजना विधि (ङ) समस्या समाधान (च) निर्देशन खोज विधि

(छ) प्रदर्शन विधि (ज) अभिनय विधि (झ) क्षेत्र भ्रमण विधि

(ञ) अवलोकन विधि (ट) घटना अध्ययन विधि

## ७. मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमका निर्दिष्ट उद्देश्यहरू पूरा भए भएनन् भन्ने कुराको लेखाजोखा गर्ने प्रक्रिया नै मूल्याङ्कन प्रक्रिया हो । पाठयक्रमको सही रूपमा कार्यान्वयन गर्नका लागि प्रभावकारी शिक्षण सिकाइका साथै मूल्याङ्कन प्रक्रियाको विशेष भूमिका रहेको हुन्छ । यसर्थ पाठ्यक्रमको पूर्ण कार्यान्वयनमा मूल्याङ्कन प्रक्रिया प्रभावकारी हुन जरुरी देखिन्छ ।

### निर्माणात्मक मूल्याङ्कन

विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निरन्तर निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रक्रियालाई आवश्यकताअनुसार अवलम्बन गर्नुपर्ने हुन्छ । प्रत्येक पाठको शिक्षणपश्चात् निर्धारित शैक्षणिक उद्देश्यहरू हासिल भए वा भएनन् भनी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ । दैनिक सिकाइ सहजीकरण क्रियाकलापका आधारमा कक्षा वातावरणअनुसारका प्रश्नहरू सोध्नुका साथै विद्यार्थीको बालमनोविज्ञान र कार्य सम्पादनको आधारसमेत लिनुपर्दछ । यसरी गरिएको मूल्याङ्कनको नतिजाका आधारमा शिक्षण सिकाइमा निरन्तर पृष्ठपोषण प्रदान गर्न निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नुपर्दछ । विद्यालय तहको निर्माणात्मक मूल्याङ्कन गर्न कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा गृहकार्य, कक्षाकार्य, योजनाकार्य, सामुदायिक कार्य, अतिरिक्त सहक्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ ।

### निर्णयात्मक मूल्याङ्कन

(क) आन्तरिक मूल्याङ्कन

विद्यार्थीको आन्तरिक मूल्याङ्कनका लागि २५ प्रतिशत अङ्कभार निर्धारण गरिएको छ । यसका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कनको समेत आधार लिनुपर्ने छ । यसका लागि निम्नानुसारका प्रक्रिया अपनाउनेपर्ने छ ।

- निश्चित समयभित्र मात्र मूल्याङ्कन नगरी नियमित रूपमा विद्यार्थीले गरेका कार्य र व्यवहार परिवर्तनको अवलोकन गरी मूल्याङ्कन गर्नुपर्ने छ ।
- विद्यार्थीहरूको कार्य सञ्चयिका फायल (Portfolio) बनाई उनीहरूले गरेका कार्य, हाजिरी र सक्रियताका आधारमा अङ्क प्रदान गर्नुपर्ने छ ।
- प्रत्येक एकाइबाट कम्तीमा एक एकओटा परियोजना कार्य वा क्षेत्र भ्रमण गराई मूल्याङ्कन गर्नुपर्ने छ ।
- विद्यार्थीले गरेका सर्भेक्षण कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, सिपमूलक कार्य, खोजमूलक कार्य आदि र सोसँग सम्बन्धित प्रयोगात्मक परीक्षालाई प्रयोगात्मक मूल्याङ्कनको प्रमुख आधार मानिने छ ।

आन्तरिक मूल्याङ्कनको परियोजना कार्य र क्षेत्र भ्रमणबापत अङ्क प्रदान गर्दा विद्यार्थीले राष्ट्रिय महत्त्वका कार्यक्रमअन्तर्गत सम्पादन गरेका वा योगदान दिएका कार्यलाई समेत गणना गर्न सकिने छ । फरक क्षमता भएका विद्यार्थी र बहुबौद्धिकतालाई ख्याल गर्दै उपयुक्त मूल्याङ्कनका साधन, स्रोत र तरिका प्रयोग गरी मूल्याङ्कन गर्नुपर्ने छ । आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत भारअन्तर्गत निम्नअनुसारको मूल्याङ्कन गरी अङ्क प्रदान गरिने छ :

| **क्र.सं** | **क्षेत्र** | **परीक्षण गर्ने पक्ष** | **अङ्कभार** | **मूल्याङ्कनका आधार** |
|---|---|---|---|---|
| १. | सिकाइ सहभागिता | सिकाइ सहभागिता | ३ | सक्रिय सिकाइका लागि दैनिक कक्षा उपस्थिति, व्यक्तिगत, समूहगत र कक्षागत सिकाइ सहभागिता |
| २. | प्रयोगात्मक तथा परियोजना कार्य | प्रयोगात्मक तथा परियोजना कार्य प्रतिवेदन तयारी र प्रस्तुतीकरण | १६ | परियोजना कार्य, प्रतिवेदन र प्रस्तुतीकरण |
| ३. | विषयवस्तुगत मूल्याङ्कन | त्रैमासिक परीक्षा | ६ | त्रैमासिक परीक्षाहरूको मूल्याङ्कनका अभिलेखबाट |
| **जम्मा** | | | **२५** | |

**(ख) बाह्य मूल्याङ्कन**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा स्तर निर्धारण गर्ने प्रयोजनका लागि कक्षा ९ र १० मा ७५% भारको परीक्षा सञ्चालन गरिने छ । यस परिक्षाको सञ्चालन पाठ्यक्रम विकास केन्द्रले विकास गरेको विशिष्टकरण तालिका अनुसार हुनेछ । यसबाट पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा सम्बन्धित विद्यालय, राष्ट्रिय परीक्षा बोर्ड तथा सम्बन्धित अन्य निकायले विद्यार्थीको स्तर वा ग्रेड निर्धारण गर्नुपर्दछ ।

-०-